| १ | तथ्याङ्क कार्यालय | २९ | १६ | १२ | ७५.० | ० | ० | ० | ० | ४ | ४ | ० |
| २ | सङ्घीय मामिला | २२ | १५ | ९ | ६०.० | ० | ० | १ | ० | ५ | ६ | ० |
| ३ | परराष्ट्र | २९ | २४ | १४ | ५८.३ | २ | १ | ० | ० | ७ | १० | ० |
| ४ | गृह | २९ | १९ | ११ | ५७.९ | ० | २ | २ | ० | ४ | ८ | ० |
| ५ | रक्षा | ३० | २५ | १३ | ५२.० | २ | १ | २ | १ | ३ | ९ | ३ |
| ६ | महान्यायाधिवक्ता | ७ | ६ | ३ | ५०.० | ० | २ | ० | ० | ० | २ | १ |
| ७ | प्र.म. तथा म.प.का. | ३२ | २७ | १३ | ४८.१ | ३ | ० | ३ | ० | ६ | १२ | २ |
| ८ | महालेखा | १० | ७ | ३ | ४२.९ | ० | ० | ० | ० | ४ | ४ | ० |
| ९ | सतर्कता केन्द्र | ११ | ८ | ३ | ३७.५ | ० | ३ | १ | ० | ० | ४ | १ |
| १० | योजना आयोग | २१ | १७ | ६ | ३५.३ | ० | ० | २ | ० | १ | ३ | ८ |
| ११ | नेपाल ट्रष्ट | ७ | ६ | १ | १६.७ | ० | १ | ० | ० | ४ | ५ | ० |
| १२ | सार्वजनिक खरिद | १९ | १९ | २ | १०.५ | १ | १ | १ | १ | १० | १४ | ३ |
| १३ | कानुन | २५ | १४ | १ | ७.१ | १ | ० | १ | ३ | ८ | १३ | ० |
| **कुल** | | **२७१** | **२०३** | **९१** | **४४.८** | **९** | **११** | **१३** | **५** | **५६** | **९४** | **१८** |
| **प्रतिशत** | | | | | **४४.८** | **४.४** | **५.४** | **६.४** | **२.५** | **२७.६** | **४६.३** | **८.९** |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## ५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति

### ५.४.१ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८२ फागुन महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ३३ वटा क्रियाकलापको अवस्था हेर्दा १५.२ प्रतिशत सम्पन्न र ७५.८ प्रतिशत चालु र ९.१ प्रतिशत सुरु नभएको अवस्थामा रहेको देखिन्छ। क्रियाकलापको सम्पादनको तुलनात्मक स्थिति हेर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सबैभन्दा बढी २० प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिएको छ। त्यस्तै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सबै क्रियाकलाप चालु अवस्थामा रहेको देखिएका छन् भने युवा तथा खेलकुद मन्त्रालयको २५ प्रतिशत क्रियाकलाप सुरु नभएको देखिएको छ।

तालिकाः २०- क्रियाकलापको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | २०८२ फागुन महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १२ | ५ | १ | २०.० | ४ | ८०.० | ० | ०.० |
| २ | स्वास्थ्य तथा जनसङ्ख्या | २७ | १० | २ | २०.० | ७ | ७०.० | १ | १०.० |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि | ४० | ११ | २ | १८.२ | ८ | ७२.७ | १ | ९.१ |
| ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | २१ | ३ | ० | ०.० | ३ | १००.० | ० | ०.० |
| ५ | युवा तथा खेलकुद | १६ | ४ | ० | ०.० | ३ | ७५.० | १ | २५.० |
| **कुल** | | **११६** | **३३** | **५** | **१५.२** | **२५** | **७५.८** | **३** | **९.१** |

### ५.४.२ सामाजिक क्षेत्रका माइलस्टोनको प्रगति स्थिति

सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको फागुन मसान्तसम्म सम्पन्न हुनुपर्ने ५८ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ३४.५ प्रतिशत सम्पन्न, ५० प्रतिशत चालु अवस्थामा रहेका र १५.५ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सबैभन्दा बढी ४०.९ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सबैभन्दा कम १६.७ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ। त्यसैगरी, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ३७.५ प्रतिशत माइलस्टोन सुरु नै हुन नसकेको देखिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### तालिकाः २१- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | २०८२ फागुन महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | ५७ | २२ | ९ | ४०.९ | ११ | ५०.० | २ | ९.१ |
| २ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १५ | ८ | ३ | ३७.५ | ५ | ६२.५ | ० | ०.० |
| ३ | युवा तथा खेलकुद | १९ | ६ | २ | ३३.३ | ३ | ५०.० | १ | १६.७ |
| ४ | स्वास्थ्य तथा जनसङ्ख्या | ४१ | १६ | ५ | ३१.३ | ५ | ३१.३ | ६ | ३७.५ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ३३ | ६ | १ | १६.७ | ५ | ८३.३ | ० | ०.० |
| कुल | | १६५ | ५८ | २० | ३४.५ | २९ | ५०.० | ९ | १५.५ |

सामाजिक क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूका फागुन महिनाभित्र सम्पन्न हुनुपर्ने विगत २ आर्थिक वर्षको माइलस्टोनको प्रगति स्थितिसँग तुलना गर्दा आ.व. २०८०/८१ को फागुनसम्म माइलस्टोनको सम्पन्न प्रतिशत ४९.८ रहेको थियो। आ.व. २०८१/८२ को फागुनसम्म उक्त प्रतिशत ३.४ अङ्कले र चालु आ.व. को फागुनसम्म ११.९ अङ्कले घट्न गई ३४.५ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिन्छ। त्यसैगरी, चालु अवस्थामा रहेका माइलस्टोन आ.व. २०८०/८१ को फागुनसम्म ४१.६ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ को फागुनसम्म १ अङ्कले र चालु आ.व. को फागुनसम्म ७.४ अङ्कले बढेको देखिन्छ। सुरु नभएका माइलस्टोन आ.व. २०८०/८१ को फागुनसम्मको तुलनामा आ.व. २०८१/८२ को फागुनसम्म २.३ अङ्कले र चालु आ.व. को फागुनसम्म ४.६ अङ्कले बढेको देखिन्छ।

लेखाचित्रः १२- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थिति (प्रतिशत): सामाजिक क्षेत्र




सामाजिक क्षेत्र अन्तर्गतका फागुन महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने ६८ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ५५.९ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ४२.६ प्रतिशतले लक्ष्य हासिल गर्न नसकेका र १.५ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। निकायगत रूपमा हेर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको यस अवधिमा सुरु हुनुपर्ने एउटा माइलस्टोन रहेकोमा निर्धारित लक्ष्य प्राप्त भएको देखिएको छ भने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लक्ष्य प्राप्त भएका माइलस्टोनको प्रतिशत ८८.९ रहेको छ।

तालिकाः २२- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | २०८२ फागुन महिनाभित्र | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १५ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | शिक्षा, विज्ञान तथा प्रविधि* | ५७ | १८ | १६ | ८८.९ | २ | ११.१ | ० | ०.० |
| ३ | स्वास्थ्य तथा जनसङ्ख्या | ४१ | १५ | ९ | ६०.० | ६ | ४०.० | ० | ०.० |
| ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ३३ | २५ | ९ | ३६.० | १६ | ६४.० | ० | ०.० |
| ५ | युवा तथा खेलकुद | १९ | ९ | ३ | ३३.३ | ५ | ५५.६ | १ | ११.१ |
| | कुल | १६५ | ६८ | ३८ | ५५.९ | २९ | ४२.६ | १ | १.५ |

** निर्धारित समय अगावै सम्पन्न भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको १ वटा माइलस्टोनसमेत लक्ष्य प्राप्तमा समावेश गरिएको*

सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको फागुन मसान्तसम्म सम्पन्न वा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने १२६ वटा माइलस्टोनमध्ये ५८ वटा माइलस्टोन चालु अवस्थामा रहेका छन्। चालु अवस्थामा रहेका माइलस्टोनहरूको प्रगति अवस्थालाई प्रतिशतका आधारमा विभिन्न पाँच चरणहरूमा वर्गीकरण गर्दा सम्पन्न वा सुरु हुनुपर्नेमध्ये ४.८ प्रतिशत माइलस्टोनको ८० प्रतिशतभन्दा बढी प्रगति देखिएको छ। त्यसैगरी, ६० देखि ८० प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन ३.२ प्रतिशत, ४० देखि ६० प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन ६.३ प्रतिशत, २० देखि ४० प्रतिशत प्रगति हासिल गर्ने माइलस्टोन २.४ प्रतिशत र २० प्रतिशत भन्दा कम प्रगति हासिल गर्ने माइलस्टोन २९.४ प्रतिशत रहेको देखिएको छ।

**तालिकाः २३- चालु अवस्थाका माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र**

| क्र.सं. | मन्त्रालय/ निकाय | वार्षिक माइलस्टोन संख्या | सम्पन्न वा लक्ष्य प्राप्त हुनुपर्ने कुल संख्या | सम्पन्न/ लक्ष्य प्राप्त | | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका माइलस्टोन संख्या | | | | | | सुरु नभएको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | ८०-९९.९९% | ६०-८०% | ४०-६०% | २०-४०% | ०-२०% | कुल चालु | |
| १ | शिक्षा | ५७ | ४० | २५ | ६२.५ | २ | ० | ० | ० | ११ | १३ | २ |
| २ | स्वास्थ्य | ४१ | ३१ | १४ | ४५.२ | १ | ३ | २ | १ | ४ | ११ | ६ |
| ३ | महिला | १५ | ९ | ४ | ४४.४ | ० | ० | १ | ० | ४ | ५ | ० |
| ४ | युवा | १९ | १५ | ५ | ३३.३ | ० | ० | ० | २ | ६ | ८ | २ |
| ५ | श्रम | ३३ | ३१ | १० | ३२.३ | ३ | १ | ५ | ० | १२ | २१ | ० |
| कुल | | १६५ | १२६ | ५८ | ४६.० | ६ | ४ | ८ | ३ | ३७ | ५८ | १० |
| प्रतिशत | | | | | ४६.० | ४.८ | ३.२ | ६.३ | २.४ | २९.४ | ४६.० | ७.९ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

## ६. मन्त्रालय/ निकायगत माइलस्टोनको २०८२ फागुनसम्मको प्रगति

चालु आर्थिक वर्ष २०८२/८३ को फागुन महिनासम्म सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण भएका २८५ वटा र सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने ४९८ वटा गरी कुल ७८३ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ४६.४ प्रतिशत सम्पन्न वा लक्ष्य प्राप्त भएका, ४७.५ प्रतिशत चालु अवस्थामा रही लक्ष्य हासिल हुन नसकेका र ६.१ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। निकायगत रूपमा तुलना गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयको सबैभन्दा बढी ७५ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ६९.८ प्रतिशत र खानेपानी मन्त्रालयको ६२.५ प्रतिशत माइलस्टोन सम्पन्न वा लक्ष्य हासिल भएको देखिएको छ भने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको यस्तो प्रतिशत सबैभन्दा कम ७.१ रहेको देखिएको छ। महान्यायाधिवक्ताको कार्यालयले भने फागुन महिनामा प्रगति प्रविष्टि गर्नुपर्ने जम्मा ५ वटा माइलस्टोनमध्ये ३ वटा माइलस्टोनको प्रगति प्रविष्टि गरेको देखिएन।

तालिकाः २४- सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति

| क्र.सं. | मन्त्रालय/निकाय | कुल | फागुनसम्म सम्पन्न/सुरु हुनुपर्ने | सम्पन्न/लक्ष्य प्राप्त | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | २९ | १६ | १२ | ७५.० | ४ | २५.० | ० | ०.० |
| २ | कृषि तथा पशुपन्छी विकास | ५४ | ४३ | ३० | ६९.८ | १३ | ३०.२ | ० | ०.० |
| ३ | खानेपानी | ३६ | २४ | १५ | ६२.५ | ९ | ३७.५ | ० | ०.० |
| ४ | शिक्षा, विज्ञान तथा प्रविधि | ५७ | ४० | २५ | ६२.५ | १३ | ३२.५ | २ | ५.० |
| ५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २२ | १५ | ९ | ६०.० | ६ | ४०.० | ० | ०.० |
| ६ | परराष्ट्र | २९ | २४ | १४ | ५८.३ | १० | ४१.७ | ० | ०.० |
| ७ | गृह | २९ | १९ | ११ | ५७.९ | ८ | ४२.१ | ० | ०.० |
| ८ | वन तथा वातावरण | ३३ | २८ | १५ | ५३.६ | १२ | ४२.९ | १ | ३.६ |
| ९ | रक्षा | ३० | २५ | १३ | ५२.० | ९ | ३६.० | ३ | १२.० |
| १० | भौतिक पूर्वाधार तथा यातायात | ७६ | ५२ | २७ | ५१.९ | २३ | ४४.२ | २ | ३.८ |
| ११ | महान्यायाधिवक्ताको कार्यालय | ७ | ६ | ३ | ५०.० | २ | ३३.३ | १ | १६.७ |
| १२ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १२४ | १०१ | ५० | ४९.५ | ४८ | ४७.५ | ३ | ३.० |
| १३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३२ | २७ | १३ | ४८.१ | १२ | ४४.४ | २ | ७.४ |
| १४ | स्वास्थ्य तथा जनसङ्ख्या | ४१ | ३१ | १४ | ४५.२ | ११ | ३५.५ | ६ | १९.४ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

| क.सं. | मन्त्रालय/निकाय | कुल | फागुनसम्म सम्पन्न/सुरु हुनुपर्ने | सम्पन्न/लक्ष्य प्राप्त | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २५ | १८ | ८ | ४४.४ | १० | ५५.६ | ० | ०.० |
| १६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १५ | ९ | ४ | ४४.४ | ५ | ५५.६ | ० | ०.० |
| १७ | महालेखा नियन्त्रक कार्यालय | १० | ७ | ३ | ४२.९ | ४ | ५७.१ | ० | ०.० |
| १८ | शहरी विकास | ६३ | ४२ | १७ | ४०.५ | २१ | ५०.० | ४ | ९.५ |
| १९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३४ | ३० | १२ | ४०.० | १४ | ४६.७ | ४ | १३.३ |
| २० | उद्योग, वाणिज्य तथा आपूर्ति | ४६ | २९ | ११ | ३७.९ | १८ | ६२.१ | ० | ०.० |
| २१ | राष्ट्रिय सतर्कता केन्द्र | ११ | ८ | ३ | ३७.५ | ४ | ५०.० | १ | १२.५ |
| २२ | सञ्चार तथा सूचना प्रविधि | ४६ | २७ | १० | ३७.० | १६ | ५९.३ | १ | ३.७ |
| २३ | अर्थ | ५५ | ३६ | १३ | ३६.१ | १९ | ५२.८ | ४ | ११.१ |
| २४ | राष्ट्रिय योजना आयोग | २१ | १७ | ६ | ३५.३ | ३ | १७.६ | ८ | ४७.१ |
| २५ | युवा तथा खेलकुद | १९ | १५ | ५ | ३३.३ | ८ | ५३.३ | २ | १३.३ |
| २६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ३३ | ३१ | १० | ३२.३ | २१ | ६७.७ | ० | ०.० |
| २७ | लगानी बोर्डको कार्यालय | ३३ | २४ | ६ | २५.० | १७ | ७०.८ | १ | ४.२ |
| २८ | नेपाल ट्रष्टको कार्यालय | ७ | ६ | १ | १६.७ | ५ | ८३.३ | ० | ०.० |
| २९ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १९ | १९ | २ | १०.५ | १४ | ७३.७ | ३ | १५.८ |
| ३० | कानुन, न्याय तथा संसदीय मामिला | २५ | १४ | १ | ७.१ | १३ | ९२.९ | ० | ०.० |
| कुल | | १०६१ | ७८३ | ३६३ | ४६.४ | ३७२ | ४७.५ | ४८ | ६.१ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## ७. समस्या र कारणहरूको विश्लेषण

- २०८२ फागुन महिनाभित्र सम्पन्न हुनुपर्ने २८५ वटा र फागुन महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहेका ४९८ गरी जम्मा ७८३ वटा माइलस्टोनको विषयानुसार अवस्था अध्ययन गर्दा निर्माण/खरिद कार्यसँग सम्बन्धित ५२.३ प्रतिशत, कार्यक्रम सञ्चालनसँग सम्बन्धित ५२ प्रतिशत र वातावरणीय अध्ययनसँग सम्बन्धित ५० प्रतिशत माइलस्टोन २०८२ फागुन महिनाभित्र सम्पन्न भएको वा यस अवधिका लागि निर्धारित लक्ष्य हासिल गरेको देखिएको छ। त्यसैगरी, लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयारीसँग सम्बन्धित ७२.७ प्रतिशत माइलस्टोन चालु अवस्थामा रहेको देखिएको छ भने खरिद प्रक्रियासँग सम्बन्धित २६.७ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः २५- निर्धारित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको विषय

| क्र.सं. | माइलस्टोनको विषय | कुल माइलस्टोन | सम्पन्न वा लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | | फागुन मसान्तसम्म |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | निर्माण/खरिद कार्य | ३४३ | १३४ | ५२.३ | ११२ | ४३.८ | १० | ३.९ | २५६ |
| २ | कार्यक्रम सञ्चालन | ४८५ | १९८ | ५२.० | १६१ | ४२.३ | २२ | ५.८ | ३८१ |
| ३ | वातावरणीय अध्ययन | १० | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० | ६ |
| ४ | सम्भाव्यता अध्ययन | ३२ | ६ | २८.६ | १२ | ५७.१ | ३ | १४.३ | २१ |
| ५ | कानुनी तयारी | ९५ | १६ | २६.७ | ४२ | ७०.० | २ | ३.३ | ६० |
| ६ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | २५ | २ | १८.२ | ८ | ७२.७ | १ | ९.१ | ११ |
| ७ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | २० | ३ | १६.७ | १३ | ७२.२ | २ | ११.१ | १८ |
| ८ | खरिद प्रक्रिया | ५१ | १ | ३.३ | २१ | ७०.० | ८ | २६.७ | ३० |
| कुल | | १०६१ | ३६३ | ४६.४ | ३७२ | ४७.५ | ४८ | ६.१ | ७८३ |

- २०८२ फागुन महिनाभित्र सम्पन्न वा सुरु हुनुपर्ने ७८३ वटा माइलस्टोनमध्ये यस अवधिसम्मका निर्धारित लक्ष्य हासिल गर्न नसकी चालु अवस्थामा रहेका माइलस्टोनको संख्या ३७२ रहेको छ, जुन कुल माइलस्टोनको ४७.५ प्रतिशत हो।

- चालु आर्थिक वर्षमा लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार विषयसँग सम्बन्धित कुल माइलस्टोन २५ वटा रहेकोमा फागुन महिनासम्म ५६ प्रतिशत माइलस्टोनको लक्ष्य तोकिएको देखिएन। साथै, लक्ष्य तोकिएकामध्ये सम्पन्न वा लक्ष्य प्राप्त भएको प्रतिशत

१८.२ मात्र रहेको देखिएको छ। त्यसैगरी, खरिद प्रक्रिया, वातावरणीय अध्ययन र कानुनी तयारी विषयसँग सम्बन्धित कुल माइलस्टोनमध्ये क्रमशः ४१.१७, ४० र ३६.८४ प्रतिशत माइलस्टोनको लक्ष्य चालु आ.व. को फागुन महिनासम्म तोकिएको देखिएन। खरिद प्रक्रिया विषयसँग सम्बन्धित माइलस्टोन ३.३ प्रतिशत मात्र सम्पन्न वा लक्ष्य प्राप्त भएको देखिन्छ।

- चालु अवस्थामा रहेका माइलस्टोनको प्रगति अवस्थालाई प्रतिशतका आधारमा वर्गीकरण गर्दा ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गर्ने माइलस्टोन सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनको ५.७ प्रतिशत, ६० देखि ८० प्रतिशत प्रगति हासिल गर्ने ५.५ प्रतिशत, ४० देखि ६० प्रतिशत प्रगति हासिल गर्ने ६.५ प्रतिशत, २० देखि ४० प्रतिशत प्रगति हासिल गर्ने ४.१ प्रतिशत र २० भन्दा कम प्रगति हासिल गर्ने २५.७ प्रतिशत रहेको देखिन्छ।

**तालिकाः २६- निर्धारित लक्ष्य हासिल हुनुपर्नेमा चालु अवस्थामा रहेका माइलस्टोनको प्रगति स्थिति**

| क्र.सं. | मन्त्रालय /निकाय | सम्पन्न वा सुरु हुनुपर्ने कुल | चालु अवस्थामा रहेको | | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका माइलस्टोन प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | ८०-९९.९९ | ६०-८० | ४०-६० | २०-४० | ०-२० |
| १ | कानुन | १४ | १३ | ९२.९ | ७.१ | ०.० | ७.१ | २१.४ | ५७.१ |
| २ | नेपाल ट्रष्ट | ६ | ५ | ८३.३ | ०.० | १६.७ | ०.० | ०.० | ६६.७ |
| ३ | सार्वजनिक खरिद | १९ | १४ | ७३.७ | ५.३ | ५.३ | ५.३ | ५.३ | ५२.६ |
| ४ | लगानी बोर्ड | २४ | १७ | ७०.८ | ०.० | ०.० | ८.३ | ०.० | ६२.५ |
| ५ | श्रम | ३१ | २१ | ६७.७ | ९.७ | ३.२ | १६.१ | ०.० | ३८.७ |
| ६ | उद्योग | २९ | १८ | ६२.१ | १०.३ | ३.४ | ३.४ | ६.९ | ३७.९ |
| ७ | सञ्चार | २७ | १६ | ५९.३ | ०.० | ३.७ | ३.७ | ७.४ | ४४.४ |
| ८ | महालेखा | ७ | ४ | ५७.१ | ०.० | ०.० | ०.० | ०.० | ५७.१ |
| ९ | भूमि | १८ | १० | ५५.६ | ११.१ | ५.६ | ११.१ | ०.० | २७.८ |
| १० | महिला | ९ | ५ | ५५.६ | ०.० | ०.० | ११.१ | ०.० | ४४.४ |
| ११ | युवा | १५ | ८ | ५३.३ | ०.० | ०.० | ०.० | १३.३ | ४०.० |
| १२ | अर्थ | ३६ | १९ | ५२.८ | ०.० | ५.६ | ५.६ | २.८ | ३८.९ |
| १३ | शहरी | ४२ | २१ | ५०.० | ९.५ | ७.१ | ७.१ | ४.८ | २१.४ |
| १४ | सतर्कता केन्द्र | ८ | ४ | ५०.० | ०.० | ३७.५ | १२.५ | ०.० | ०.० |
| १५ | ऊर्जा | १०१ | ४८ | ४७.५ | ७.९ | ९.९ | ७.९ | ५.९ | १५.८ |
| १६ | संस्कृति | ३० | १४ | ४६.७ | ०.० | १३.३ | ३.३ | ६.७ | २३.३ |
| १७ | प्र.म. तथा म.प.का. | २७ | १२ | ४४.४ | ११.१ | ०.० | ११.१ | ०.० | २२.२ |

| क्र.सं. | मन्त्रालय /निकाय | सम्पन्न वा सुरु हुनुपर्ने कुल | चालु अवस्थामा रहेको | | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका माइलस्टोन प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | ८०-९९.९९ | ६०-८० | ४०-६० | २०-४० | ०-२० |
| १८ | भौतिक | ५२ | २३ | ४४.२ | ७.७ | ५.८ | ३.८ | ५.८ | २१.२ |
| १९ | वन | २८ | १२ | ४२.९ | १०.७ | ३.६ | १०.७ | ०.० | १७.९ |
| २० | गृह | १९ | ८ | ४२.१ | ०.० | १०.५ | १०.५ | ०.० | २१.१ |
| २१ | परराष्ट्र | २४ | १० | ४१.७ | ८.३ | ४.२ | ०.० | ०.० | २९.२ |
| २२ | सङ्घीय मामिला | १५ | ६ | ४०.० | ०.० | ०.० | ६.७ | ०.० | ३३.३ |
| २३ | खानेपानी | २४ | ९ | ३७.५ | ४.२ | ४.२ | १२.५ | १२.५ | ४.२ |
| २४ | रक्षा | २५ | ९ | ३६.० | ८.० | ४.० | ८.० | ४.० | १२.० |
| २५ | स्वास्थ्य | ३१ | ११ | ३५.५ | ३.२ | ९.७ | ६.५ | ३.२ | १२.९ |
| २६ | महान्यायाधिवक्ता | ६ | २ | ३३.३ | ०.० | ३३.३ | ०.० | ०.० | ०.० |
| २७ | शिक्षा | ४० | १३ | ३२.५ | ५.० | ०.० | ०.० | ०.० | २७.५ |
| २८ | कृषि | ४३ | १३ | ३०.२ | ११.६ | २.३ | ४.७ | ७.० | ४.७ |
| २९ | तथ्याङ्क कार्यालय | १६ | ४ | २५.० | ०.० | ०.० | ०.० | ०.० | २५.० |
| ३० | योजना आयोग | १७ | ३ | १७.६ | ०.० | ०.० | ११.८ | ०.० | ५.९ |
| कुल | | ७८३ | ३७२ | ४७.५ | ५.७ | ५.५ | ६.५ | ४.१ | २५.७ |
| संख्या | | | | ३७२ | ४५ | ४३ | ५१ | ३२ | २०१ |

- २०८२ फागुन महिनाभित्र सम्पन्न वा सुरु हुनुपर्ने ७८३ वटा माइलस्टोनमध्ये मध्ये ४८ वटा माइलस्टोनको कार्य सुरु हुन सकेको छैन। कार्य सुरु नभएका माइलस्टोनको अवस्था विश्लेषण गर्दा राष्ट्रिय योजना आयोगको कार्य सुरु हुन नसकेका माइलस्टोनको प्रतिशत सबैभन्दा बढी ४७ प्रतिशत रहेको देखिएको छ भने दोस्रोमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय १९ प्रतिशत र तेस्रोमा महान्यायाधिवक्ताको कार्यालयको १७ प्रतिशत रहेको छ।

- उद्योग, वाणिज्य तथा आपूर्ति; कानुन, न्याय तथा संसदीय मामिला; कृषि तथा पशुपन्छी विकास; खानेपानी; गृह; परराष्ट्र; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; श्रम, रोजगार तथा सामाजिक सुरक्षा; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल ट्रष्टको कार्यालय र महालेखा नियन्त्रक कार्यालय गरी १३ वटा मन्त्रालय/ निकायको यस अवधिमा सुरु नभएका माइलस्टोन रहेको देखिएको छैन।

### लेखाचित्र: १३- सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनमध्ये सुरु नभएको प्रतिशत




- २०८२ फागुन महिनाभित्र सम्पन्न वा सुरु हुनुपर्नेमध्ये चालु अवस्थामा रही यस अवधिसम्म निर्धारित लक्ष्य हासिल गर्न नसकेका ३७२ वटा र कार्य सुरु हुन नसकेका ४८ वटा गरी ४२० वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुका मन्त्रालय/निकायहरूले दर्शाएका कारण/ समस्याहरू तल तालिकामा देखाइएको छ।

### तालिका: २७- लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्या

| क.सं. | लक्ष्य प्राप्त हुन नसक्नुका कारण/समस्या | माइल्स्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लक्ष्य उन्मुख रहेको | २७० | ६४.१ |
| २ | कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको | ५५ | १३.१ |
| ३ | बजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नभएको | २० | ४.८ |
| ४ | जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन | १६ | ३.८ |
| ५ | विपद | ११ | २.६ |
| ६ | अन्तर तह/मन्त्रालय/निकाय समन्वय र स्वीकृति | ८ | १.९ |
| ७ | विवाद तथा प्रक्रियागत जटिलता | ५ | १.२ |
| ८ | कार्यक्रमको पुनःसंरचना/पुनः प्रक्रिया आरम्भ गर्नु परेको | ४ | १.० |
| ९ | कानुन तर्जुमा/संशोधन हुन नसकेको | ३ | ०.७ |
| १० | अन्य | २९ | ६.९ |
| | **कुल** | **४२१** | **१००** |

*नोटः १ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुमा २ वटा कारण उल्लेख भएको*

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

- मन्त्रालय/निकायहरूले दर्शाए अनुसार माइलस्टोनको निर्धारित लक्ष्य हासिल हुन नसक्नुका कारण/समस्याहरू देहाय बमोजिम रहेका छन्-

तालिकाः २८- लक्ष्य हासिल हुन नसक्नुका मन्त्रालय/निकायगत कारण

| क्र.सं. | मन्त्रालय/निकाय | निर्धारित लक्ष्य प्राप्त हुन नसक्नुका कारणहरू* | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १ | प्र.म. तथा म.प.का. | ४ | ८ | ० | १ | ० | ० | ० | ० | ० | १ | १४ |
| २ | अर्थ | २३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २३ |
| ३ | उद्योग | ८ | ४ | १ | ३ | १ | ० | ० | १ | ० | ० | १८ |
| ४ | ऊर्जा | ३७ | ० | १ | ० | ० | २ | २ | ० | ० | ९ | ५१ |
| ५ | कानुन | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ |
| ६ | कृषि | ९ | ० | ० | १ | १ | ० | १ | ० | ० | १ | १३ |
| ७ | खानेपानी | २ | ० | ० | ० | १ | ० | ० | ० | ० | ६ | ९ |
| ८ | गृह | ५ | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ८ |
| ९ | परराष्ट्र | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| १० | भूमि | ३ | ० | ० | १ | ३ | १ | २ | ० | ० | ० | १० |
| ११ | भौतिक | १७ | ० | १ | ३ | ४ | ० | ० | ० | ० | १ | २६ |
| १२ | महिला | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| १३ | युवा | ६ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| १४ | रक्षा | ११ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १२ |
| १५ | वन | ४ | ४ | ४ | ० | ० | १ | ० | ० | ० | ० | १३ |
| १६ | शिक्षा | ५ | ९ | ० | १ | ० | ० | ० | ० | ० | ० | १५ |
| १७ | श्रम | २१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१ |
| १८ | संस्कृति | ० | ६ | ११ | ० | ० | ० | ० | ० | ० | १ | १८ |
| १९ | सङ्घीय मामिला | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| २० | सञ्चार | ७ | ४ | १ | २ | ० | २ | ० | ० | १ | ० | १७ |
| २१ | शहरी | १९ | ० | ० | ० | १ | १ | ० | ० | १ | ३ | २५ |
| २२ | स्वास्थ्य | १० | २ | ० | १ | ० | १ | ० | ३ | ० | ० | १७ |
| २३ | योजना आयोग | ९ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ११ |
| २४ | तथ्याङ्क कार्यालय | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ४ |
| २५ | सतर्कता केन्द्र | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| २६ | सार्वजनिक खरिद | ६ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ४ | १७ |
| २७ | लगानी बोर्ड | १८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १८ |
| २८ | नेपाल ट्रष्ट | ० | ४ | ० | १ | ० | ० | ० | ० | ० | ० | ५ |
| २९ | महालेखा | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ३० | महान्यायाधिवक्ता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| | कुल | २७० | ५५ | २० | १६ | ११ | ८ | ५ | ४ | ३ | २९ | ४२१ |

१. लक्ष्य उन्मुख रहेको २. कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको ३. बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको ४. जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन ५. विपद ६. अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति ७. विवाद तथा प्रक्रियागत जटिलता ८. कार्यक्रमको पुनःसंरचना / पुनः प्रक्रिया आरम्भ गर्नु परेको ९. कानुन तर्जुमा/संशोधन हुन नसकेको १०. अन्य

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- माथि प्रस्तुत तालिकाका आधारमा "लक्ष्य उन्मुख" रूपमा वर्गीकृत माइलस्टोनहरूको कुल संख्या २७० रहेको देखिन्छ। सम्बन्धित मन्त्रालय तथा निकायहरूले लक्ष्य प्राप्ति नहुँदा उल्लेख गरेका कारणहरूको प्रगति अवस्थाको विश्लेषण गर्दा लक्ष्य संख्या १ रहेको तर शून्य प्रगति भएका माइलस्टोनको हिस्सा ३४.४ प्रतिशत र लक्ष्य संख्या १ भन्दा बढी रहेको तर शून्य प्रगति भएका माइलस्टोनको हिस्सा १७ प्रतिशत रहेको देखिन्छ। उपरोक्त दुवै समूहलाई समेट्दा, शून्य प्रगति भएका माइलस्टोनहरूको कुल प्रतिशत ५१.५ रहेको स्पष्ट हुन्छ। यसले करिब आधा लक्ष्य उन्मुख कारण उल्लिखित माइलस्टोनमध्ये झण्डै आधा माइलस्टोन कुनै प्रारम्भिक प्रगति समेत हासिल गर्न नसकेको स्थिति देखाउँछ।
- शून्य प्रगतिका अतिरिक्त, विभिन्न चरणमा सीमित वा मध्यम प्रगति भएका माइलस्टोनहरूको अवस्था हेर्दा २० प्रतिशतभन्दा कम प्रगति हासिल गर्ने ६.३ प्रतिशत, २० देखि ४० प्रतिशत प्रगति हासिल गर्ने ८.१ प्रतिशत, ४० देखि ६० प्रतिशत प्रगति हासिल गर्ने ११.९ प्रतिशत, ६० देखि ८० प्रतिशत प्रगति हासिल गर्ने १३.७ प्रतिशत र ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गर्ने लक्ष्य उन्मुख कारण उल्लेख भएका माइलस्टोन ८.५ प्रतिशत मात्र रहेको देखिएको छ। समग्र रूपमा हेर्दा "लक्ष्य उन्मुख" माइलस्टोनहरूको लगभग आधा भाग (५१.५ प्रतिशत) मा शून्य प्रगति रहेको तथा उच्च प्रगति गर्ने माइलस्टोनहरूको हिस्सा अत्यन्त कम (८.५ प्रतिशत) रहेको दर्शाउँछ।

**तालिकाः २९- लक्ष्य उन्मुख कारण उल्लेख भएका माइलस्टोनको प्रगति**

| प्रगति प्रतिशत | माइलस्टोन संख्या | प्रतिशत |
|---|---|---|
| ० प्रतिशत प्रगति (लक्ष्य १) | ९३ | ३४.४ |
| ० प्रतिशत प्रगति (लक्ष्य १ भन्दा बढी) | ४६ | १७.० |
| २० प्रतिशतभन्दा कम प्रगति | १७ | ६.३ |
| २०-४० प्रतिशत प्रगति | २२ | ८.१ |
| ४०-६० प्रतिशत प्रगति | ३२ | ११.९ |
| ६०-८० प्रतिशत प्रगति | ३७ | १३.७ |
| ८० भन्दा बढी प्रतिशत प्रगति | २३ | ८.५ |
| **कुल** | **२७०** | **१००.०** |

- लक्ष्य प्राप्त हुन नसक्नुका प्रमुख कारणहरूमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। स्पेशिफिकेशन र लागत अनुमान तयारीमा विलम्ब, अध्ययन तथा अनुसन्धानमा विलम्ब, लगत ईष्टिमेट स्वीकृत हुन बाँकी

जस्ता पूर्वतयारीका कार्यहरू समयमा सम्पन्न हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। समीक्षा अवधिमा कार्यक्रम कार्यान्वयनका लागि पूर्वतयारी पूरा हुन नसकेका कारण ५५ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- फागुन महिनाभित्र सम्पन्न हुनुपर्ने विगत २ आर्थिक वर्षको माइलस्टोनको प्रगति स्थितिसँग तुलना गर्दा आ.व. २०८०/८१ को फागुनसम्ममा माइलस्टोनको सम्पन्न प्रतिशत ३८.३ रहेको थियो। आ.व. २०८१/८२ को फागुनसम्ममा उक्त प्रतिशत १०.४ अङ्कले वृद्धि भएता पनि चालु आ.व. को फागुनसम्ममा १९.२ अङ्कले घट्न गई २९.५ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिन्छ। २०८२ भाद्र महिनामा भएको जेनजी आन्दोलनको प्रभाव र चालु आर्थिक वर्षमा प्रकृयागतभन्दा नतिजामूलक माइलस्टोनको वाहुल्यताको कारण माइलस्टोनको सम्पन्न प्रतिशत घट्न गएको देखिन्छ। साथै, अर्थ मन्त्रालयको च.नं. ११६, मिति २०८२/०६/०७ गतेको पत्रबाट कार्यक्रम/आयोजनाको बजेट रोक्का भएको र आ.व. २०८१/८२ मा माइलस्टोन हटाउन/लक्ष्य घटाउन सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०१/३१ मा भएको निर्णयका कारणले समेत माइलस्टोनको सम्पन्न प्रतिशतमा कमी आएको देखिन्छ।
- बजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नभएका कारण २०८० फागुनमा २२२ वटा, २०८१ फागुनमा ४५ वटा र २०८२ फागुनमा २० वटा माइलस्टोन प्रभावित भएको देखिएको छ। अर्थ मन्त्रालयको परिपत्र अनुसार विगत ३ आर्थिक वर्षदेखि बजेट कटौति तथा रोक्का हुँदै आएको देखिन्छ। अर्थ मन्त्रालयको मिति २०७९/१०/१७ गते, मिति २०८१/१०/२८ गते र मिति २०८२/०६/०७ गते को पत्रानुसार विभिन्न खर्च शीर्षकमा बजेट कटौति भएको देखिन्छ। त्यसैगरी, विगत ३ आर्थिक वर्षको पहिलो ८ महिनामा भएको राजस्वको लक्ष्य क्रमशः ४४.९२ प्रतिशत, ५०.७५ प्रतिशत र ५०.४९ प्रतिशत मात्र प्राप्त भएको देखिन्छ। यसरी उल्लिखित तथ्याङ्कबाट बजेट तर्जुमा प्रक्रिया (स्रोत अनुमान) नै त्रुटीपूर्ण रहेको देखिएकोले कार्ययोजनाका माइलस्टोनहरू बजेट व्यवस्थापन/स्रोत सुनिश्चितताका कारण प्रभावित हुँदै आएको देखिन्छ। साथै गत आर्थिक वर्षको जेठ महिनामै बजेट आएता पनि चालु आर्थिक वर्षको फागुन मसान्तसम्मसमेत स्रोत सुनिश्चितता प्राप्त गर्न सम्बन्धित मन्त्रालय एवम् स्रोत सुनिश्चितताको कार्य अर्थ मन्त्रालयले अगाडी बढाउन सकेको देखिएन।
- कर्मचारीको अभाव हुनु, नेतृत्व परिवर्तन हुनु जस्ता कारणबाट १६ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।
- प्राकृतिक तथा गैरप्राकृतिक विपद्का कारण ११ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। बहुवर्षीय आयोजना स्वीकृति, जनशक्ति व्यवस्थापन, विभिन्न विषयका विवाद समाधान, वनक्षेत्रको उपयोग, स्रोत सुनिश्चितता एवम् बजेटको पर्याप्तता, आयोजनाको रिडिजाइन गर्नुपर्ने, वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने जस्ता विषयमा आवश्यक समन्वय हुन नसक्दा ८ वटा माइलस्टोन प्रभावित भएका छन्।

- विवाद तथा प्रक्रियागत जटिलताका कारण ५ वटा, कार्यक्रमको पुनःसंरचना/पुनः प्रक्रिया आरम्भ गर्नु परेका कारण ४ वटा, कानुन तर्जुमा/संशोधन हुन नसकेको कारण ३ वटा माइलस्टोनले तोकिएको लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- लक्ष्य प्राप्त गर्न नसक्नुको प्रष्ट कारण उल्लेख नगरिएका वा त्रुटीपूर्ण प्रतिवेदन गरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी वर्गीकरण भएका माइलस्टोनको संख्या २९ रहेको छ।

## ८. सुझावहरू

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

- आर्थिक वर्षको प्रारम्भमै वार्षिक खरिद योजना तर्जुमा गरी लागु गर्ने, लागत अनुमान तयार पार्ने, बोलपत्रसम्बन्धी कागजातहरू तयार गरी बोलपत्र आह्वान गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने तथा अध्ययन र अनुसन्धान जस्ता पूर्वतयारीका कार्यहरू समयमा नै सम्पन्न गर्नुपर्दछ। तोकिएको समयमा यस्ता कार्यहरू सम्पन्न हुन नसक्दा पछिल्ला चरणमा कार्यभार बढ्ने हुँदा वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा प्रतिकूल प्रभाव नपर्ने गरी ती कार्यहरू सम्पादन गर्नुपर्छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा व्यवस्था भएको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई थप सुदृढ गर्न आवश्यक देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने आयोजना तथा कार्यक्रमहरूको स्वीकृति चरणमै स्रोत सुनिश्चितता कायम गर्ने तथा स्रोत सुनिश्चितता नभएका वा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, स्थान छनोट र जग्गा प्राप्तिजस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने प्रचलनको अन्त्य गर्नुपर्दछ।

- बजेटमा घोषणा गरिएका विषयहरूको कार्यान्वयनका लागि सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्ने वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्राप्त गर्नुपर्ने हुन्छ। कार्यान्वयनमा स्रोत अभाव हुने अवस्थाको निराकरण गर्न स्रोतको पूर्वमूल्याङ्कन गरी मात्र कार्यक्रमहरूलाई कार्यान्वयन चरणमा प्रवेश गराउन उपयुक्त हुन्छ।

- चालु आर्थिक वर्षमा सुरु हुने वहुवर्षीय आयोजनाको स्रोत सुनिश्चितता समयमै गरिनु पर्दछ। साथै बजेट तर्जुमा गर्दा स्रोत अनुमान वास्तविक र यथार्थ नजिक हुनुपर्दछ।

- स्रोत सुनिश्चितता र सीमित बजेटको समस्यालाई न्यूनीकरण गर्न बजेट तर्जुमा गर्दा सर्वप्रथम अनिवार्य दायित्वहरूको भुक्तानी तथा विकास सहायता प्राप्त कार्यक्रमहरू र मुख्य प्रभाव पार्ने क्रमागत आयोजनाहरूका लागि आवश्यक रकम छुट्याउनुपर्दछ। साथै, मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन कायम गर्दै निरन्तर सुधार गर्नुपर्छ। त्यसपश्चात् मात्र नयाँ प्रस्तावित तथा प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरूमा रकम विनियोजन गर्नुपर्छ।

- वर्षात् वा महामारीजस्ता प्रतिकूल अवस्थामा समेत आयोजना/कार्यक्रम स्थलमा उपस्थित नभई कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापहरूका आधारभूत कार्यहरू आर्थिक वर्षको प्रारम्भिक महिनाहरूमै सम्पन्न गरी स्थलगत कार्यान्वयन हुने समयमा कार्यचाप न्यून गर्दै समग्र कार्यान्वयन प्रभावकारितालाई अभिवृद्धि गर्नुपर्छ।

- आयोजनाको निर्धारित लक्ष्य प्राप्त नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, खरिद तथा निर्माण सम्बन्धी कानुनी व्यवस्थालाई व्यावहारिक बनाउने, छनोट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने तथा कार्यान्वयनमा देखिएका बाधा-अवरोधहरूलाई तत्काल सम्बोधन गर्ने व्यवहार, प्रणाली र नीति अवलम्बन गरिएमा आयोजनाहरू समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

- अन्तर-तह, मन्त्रालय तथा निकायबीचको समन्वयको अभावमा सम्बन्धित निकायबाट माग गरिएका राय, सहमति आदि समयमै प्राप्त नहुनु, स्वीकृति वा संशोधन हुनुपर्ने विषयहरूमा ढिलाइ हुनु तथा अन्य निकायबाट सहमति नमिल्नुजस्ता कारणले कार्यक्रमहरू प्रभावित भएका छन्। यसलाई सम्बोधन गर्न प्रचलित ऐन-कानुनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रहरूलाई अनिवार्य क्रियाशील बनाउने तथा विषयगत समन्वयको तहगत व्यवस्था कायम गरी अन्तर-तह र अन्तर-निकाय समन्वयलाई प्रभावकारी बनाउनुपर्छ।

- स्थान छनोट तथा जग्गा प्राप्तिमा देखिएका प्रक्रियागत ढिलाइको समस्या विगतदेखि नै दोहोरिँदै आएको छ। आयोजना छनोट गर्दा स्थान निर्क्योल नगरी नै स्वीकृति दिने प्रचलनले विकास व्यवस्थापनको कमजोर अवस्थालाई प्रतिबिम्बित गर्दछ। यस्तो प्रक्रियाको अन्त्य हुन जरूरी छ।

- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० मा भएको व्यवस्था बमोजिम आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, नतिजामुखी र प्रभावकारी बनाउनु पर्दछ।

- मन्त्रालयहरूले समस्या समाधानका लागि गरेका प्रयासहरू तथा मातहत निकायहरूलाई जारी गरेका निर्देशनहरूको जानकारी अनुगमनकारी उच्च निकायहरू (जस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई नियमित रूपमा प्रदान गर्नु उपयुक्त हुन्छ। यसले विषयगत जानकारी उच्च तहमा पुग्ने, सबैमा एकरूप बुझाइ कायम हुने तथा संस्थागत अभिलेखीकरण हुने लाभ प्राप्त हुन्छ।

- आयोजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका र सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तत्काल समस्या समाधान

तथा विपद् समन्वय शाखा र सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्या निराकरणको पहल गर्नुपर्छ।

- सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने तथा वित्तीय व्यवस्थापनमा विद्यमान कानुनी व्यवस्थाहरूको कडाइका साथ पालना सुनिश्चित गर्नुपर्छ। साथै, कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन र नेतृत्वको मूल्याङ्कन गरी नतिजामुखी कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

- मन्त्रालय तथा निकायहरूले एकीकृत अनलाइन अनुगमन प्रणालीमा कार्ययोजना एवम् प्रमुख कार्यसम्पादन सूचकको प्रगति विवरणलाई उच्च प्राथमिकताका साथ पूर्ण रूपमा प्रविष्टि गर्नुपर्नेछ।